नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी प्रशासन शाखा 'ख')

पत्र संख्याः ज १-१ ०६८/०६९ चलानी संख्याः ३६

मितिः- २०६८।०४।२०

विषयः- बढुवाको लागि लिइने दरखास्त वापत दस्तुर लिने सम्बन्धमा ।

श्री सबै केन्द्रीय निकाय,

निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम २०६८ साल श्रावण १ गते देखि प्रकाशित हुने विज्ञापनको हकमा लागू हुने गरी राजपत्रांकित प्रथम श्रेणी, राजपत्रांकित द्वितीय श्रेणी र राजपत्रांकित तृतीय श्रेणीको पदको लागि कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा हुने बढुवाको लागि दरखास्त वापत तथा राजपत्र अनंकित प्रथम श्रेणीमा कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवा, कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा हुने बढुवा तथा कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने बढुवाको समायोजनको लागि दरखास्त वापत देहाय बमोजिमको दस्तुर लिने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६८।०३।२९ मा निर्णय भएकोले निर्णयानुसार दस्तुर लिने, लिन लगाउने व्यवस्थाको लागि अनुरोध गरिन्छ ।

| क्र.सं. | श्रेणी | दरखास्त दस्तुर |
|---|---|---|
| १. | राजपत्रांकित प्रथम श्रेणीको पदको लागि | रु. १२५०।- |
| २. | राजपत्रांकित द्वितीय श्रेणीको पदको लागि | रु. १०००।- |
| ३. | राजपत्रांकित तृतीय श्रेणीको पदको लागि | रु. ७००।- |
| ४. | राजपत्र अनंकित प्रथम श्रेणीको पदको लागि | रु. ४००।- |

...............
(मुरारी वस्ती)
उपसचिव

फोन नं. ४२००३६७, ४२००६८, फ्याक्सः ४२००२३८, वेव साइटः www.moga.gov.np, इमेलः info@moga.gov.np